निर्णय नं. १

२०८१ भाद्र ५ गते सम्पन्न नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयको आजको बैठकमा समिक्षात्मक छलफल गरियो ।

निर्णय नं. २

कार्यालयको वातावरण सुरक्षित, स्वच्छ, मर्यादित र लैङ्गिक मैत्री बनाउन कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ को दफा २१ को आधारमा धनकुटा नगरपालिकाको आचार संहिता निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

१. कार्यालय तथा कार्यस्थलमा लैंगिक हिंसा हुने,देखिने प्रकारको कुनै काम, व्यवहार गर्ने छैनौं ।
२. लैंगिक तथा जातीय, पदिय विभेदपूर्ण शब्दको प्रयोग र अस्वाभाविक व्यवहार गर्ने छैनौं ।
३. जनप्रतिनिधि र कर्मचारीले सेवा प्रवाह गर्दा र सेवाग्राहीले सेवा ग्रहण गर्दा लैंगिकहिंसा हुने किसिमको वातावरण सृजना हुन दिन छैनौं ।
४. कार्यस्थलको वातावरण स्वच्छ सुरक्षित, पारदर्शी, निष्पक्ष र लैंगिक हिंसा मुक्त बनाउनेछौं ।
५. लैंगिक दुर्व्यवहार सामाजिक रुपमा अमानवीय र कानुनी रुपमा दण्डनिय भएकाले यसलाइ हामी सबैले पालना गर्नेछौं ।
६. कार्यस्थलमा कसैले कसैलाइ दुर्व्यवहार गरेमा सम्बन्धीत जिम्मेबार व्यक्तिलाइ जानकारी गराउनेछौं र सुन्य सहनशीलताको नीतिलाइ अवलम्बल गर्नेछौं ।
७. लैंगिक हिंसाका विरुद्ध सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्नेछौं ।
८. जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति प्रति सम्मानजनक र सकारात्मक शब्द प्रयोग गर्नेछौं ।
९. पिडीतलाइ न्याय दिने हिसाबले नीतिगत, सामाजिक कानुनी आर्थिक र सुरक्षाका आवश्यक प्रबन्ध गर्नेछौं
१०. लैंगिक हिंसाको दृष्टिले सुरक्षित पूर्वाधार निर्माण गर्न प्रतिवद्ध छौं ।
११. कार्यस्थालमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार भएमा प्रचलित कानुन बमोजिम कार्यवाही भोग्न तयार छौं

निर्णय नं. ३

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरको मिति २०८१/०६/२९ को सूचनामा स्थानीयतहको केन्द्रमा रहनेगरी व्ययामशाला निर्माणका लागि प्रस्ताव माग भए अनुसार धनकुटा नगरपालिकाको स्वामित्वमा रहेको सिकाइ केन्द्रको हलमा व्यायामशाला निर्माण गर्ने प्रस्ताव तयार गरी सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो ।